धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०४ ◆ २०८३ कात्तिक १३ शुक्रबार ◆ Friday, October 30, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

धादिङमा उच्च सतर्कता अपनाउन आग्रह

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । जिल्ला प्रशासन कार्यालय धादिङले जिल्लामा वर्षा जारी रहेकाले नदी तथा खोलाको सतह बढ्न सक्ने भन्दै नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

कार्यालयले नदी तथा खोलाको तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई विशेष सतर्कता अपनाउन र आवश्यकताअनुसार सुरक्षित स्थानमा स्थानान्तरण हुन अनुरोध गरेको हो । प्रशासनले पर्यटकीय उच्च पहाडी तथा हिमाली क्षेत्रमा यात्रा नगर्न, नदीमा माछा मार्ने, पौडी खेल्ने तथा दाउरा सङ्कलन गर्ने जस्ता जोखिमपूर्ण गतिविधि नगर्न पनि आग्रह गरेको छ । वर्षा तथा हावाहुरीको सम्भावना रहेकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्न र अत्यधिक वर्षा भएको अवस्थामा पृथ्वी राजमार्गलगायत सडकका जोखिमयुक्त खण्डमा आवागमन गर्दा विशेष सावधानी अपनाउन प्रशासनले अनुरोध गरेको छ ।

यस्तै, धानबाली नकाट्न तथा काटिसकेको धान सुरक्षित स्थानमा राख्न पनि आग्रह गरिएको छ । मौसम विभागबाट जारी हुने पूर्वानुमान तथा पूर्वसूचना र चेतावनीको पालना गर्न प्रशासनले नागरिकलाई अनुरोध गरेको छ ।

काभ्रेका स्थानीय तहद्वारा बेपत्ता नागरिकको विवरण माग

❑ *प्रत्यूष समाचारदाता*

काभ्रेपलाञ्चोक । काभ्रेपलाञ्चोकका स्थानीय तहले रसुवाको भोटेकोशी मा भदौ १० मा आएको बाढीपछि बेपत्ता भएका नागरिकको सम्बन्धित परिवार एवं आफन्तसँग विवरण माग गरेका छन् ।

जिल्लास्थित १३ स्थानीय तहले 'रसुवा-भोटेकोशी बाढीमा बेपत्ता भएकाको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३' अनुसार वडामार्फत बेपत्ता नागरिकको विवरण माग गरेका हुन् । यसका लागि जिल्ला प्रशासन कार्यालयले बाढीमा परी बेपत्ता भएका व्यक्तिहरुको आधिकारिक विवरण यकिन गर्न जिल्लास्थित स्थानीय तहलाई प्रक्रिया र समयसीमा यही कात्तिक १८ गतेसम्म तोकेको छ । विभिन्न काम एवं भ्रमणका सिलसिलामा त्यहाँ पुगेका जिल्लाका बेपत्ता नागरिकको कानुनी अवस्था यकिन गर्न सरकारले जारी गरेको विशेष प्रक्रिया अनुसार विवरण सङ्कलन तथा प्रमाणीकरण गर्न लागिएको हो । काभ्रेपलाञ्चोक प्रशासनको गत असोज २७ गतेको बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निर्धारण गरेको प्रक्रियाअनुसार बेपत्ता व्यक्तिहरुको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो ।

रसुवाको भोटेकोशीमा गत भदौ १० मा आएको बाढीपछि काभ्रेपलाञ्चोकका ३७ जना बेपत्ता भएका छन् । कार्यालयका अनुसार बाढीमा परी चार जनाको मृत्यु पुष्टि भइसकेको छ भने त्यसबेला बेपत्ता भएका चार जना परिवारको सम्पर्कमा आएका थिए ।

बिहीबार (हिजो) खानी-खोला गाउँपालिकाले सार्वजनिक सूचनामार्फत पाँच दिनको समय दिएर उक्त बाढीमा आफ्ना नागरिक बेपत्ता भएकाको विवरण सम्बन्धित परिवार तथा आफन्तसँग मागेको छ । नाम-थर, उमेर लिङ्ग, अस्थायी तथा स्थायी ठेगाना, नागरिकताको प्रमाणपत्र नम्बर, बेपत्ता भएको मिति, स्थान र परिस्थिति तथा निवेदन दिनेको नाता र सम्पर्क नम्बर माग गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज कोइरालाले जानकारी दिनुभयो । प्राधिकरणका अनुसार स्थायी ठेगाना रहेको स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र प्राधिकरण मार्फत विवरण यकिन गरिनेछ ।

गत असोज २९ गतेदेखि सम्बन्धित स्थानीय तहले वडा कार्यालयमार्फत बढीमा पाँच दिनको समय दिएर निवेदन आह्वान गर्ने व्यवस्था गरिएको विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताउनुभयो । उहाँका अनुसार बेपत्ता व्यक्तिका परिवारले नाता प्रमाणित हुने कागजात र स्वघोषणासहित निवेदन दिनुपर्नेछ । परिवारका सदस्य नभएको अवस्थामा भने स्थानीय प्रहरी र वडा सचिवको रोहबरमा सर्जमिन मुचुल्का तयार गरिनेछ ।

प्रहरीको रोहबरमा सर्जमिन मुचुल्का तयार गरी वडामा निवेदन पेस गर्नुपर्ने, वडा समितिले प्राप्त निवेदनमाथि तुरुन्त जाँचबुझ गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा सिफारिस गर्ने र सोही समितिले बेपत्ता व्यक्ति यकिन गर्ने निर्णय गरिएको छ । प्राप्त निवेदन तथा विवरणमाथि स्थानीय तहले तीन दिनको दाबीविरोधको समय दिएपछि अन्तिम विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको अधिकारीको भनाइ छ ।

मातातीर्थमा तेस्रो चन्द्रागिरि तिहार सांस्कृतिक तथा व्यापार महोत्सव हुँदै

काठमाडौं । काठमाडौंको चन्द्रागिरि नगरपालिका-६ मातातीर्थमा 'तेस्रो चन्द्रागिरि तिहार सांस्कृतिक तथा व्यापार महोत्सव' हुने भएको छ । मातातीर्थ संरक्षण तथा विकास संस्थाको मुख्य आयोजनामा कात्तिक १३ देखि ३० गतेसम्म चन्द्रागिरि नगरपालिका-६ बालागाउँस्थित मातातीर्थ कुण्डचौरमा 'तेस्रो चन्द्रागिरि तिहार सांस्कृतिक तथा व्यापार महोत्सव' आयोजना हुन लागेको हो ।

संस्थाका अध्यक्ष शान्त उदासले महोत्सवमा राष्ट्रिय कलाकारको साङ्गीतिक प्रस्तुति, फेसन तथा नृत्य, विभिन्न वस्तु तथा सेवाका प्रदर्शनी र मनोरञ्ज-नात्मक गतिविधि समावेश गरिने जानकारी दिनुभयो । उहाँले महोत्सवमा औद्योगिक उत्पादन, सूचना तथा विज्ञान प्रविधि, कृषि औजार, अटोमोबाइल, विद्युतीय सामग्री, मोबाइल तथा इलेक्ट्रो-निक्सका साथै स्थानीय कला, संस्कृति, व्यापार र पर्यटनसम्बन्धी प्रदर्शनी हुने बताउनुभयो । त्यस्तै, बाल उद्यान, विभिन्न मनोरञ्जनात्मक खेल, सांस्कृतिक कार्यक्रम, व्यापारिक स्टल तथा स्थानीय उत्पादनको प्रदर्शनी महोत्सवका प्रमुख आकर्षण रहने अध्यक्ष उदासले बताउनुभयो । उहाँका अनुसार महोत्सवमा प्रवेश निःशुल्क रहनेछ । कात्तिक १९, २०, २१, २७, २८, २९ र ३० गते आयोजना हुन विशेष सांस्कृतिक कार्यक्रमका लागि प्रवेश शुल्क लाग्ने आयोजकले जनाएको छ । महोत्सव व्यवस्थापन समितिका संयोजक सन्दीप महतले महोत्सवले स्थानीय व्यापार तथा व्यवसायको प्रवर्द्धन, सांस्कृतिक पहिचानको संरक्षण, पर्यटन विकास र स्थानीय उत्पादनको बजारी करणमा सहयोग पुर्याउने बताउनु भयो ।

दोधारा-चाँदनीमा लिफ्ट सिँचाइबाट दुई सय हेक्टरमा सिँचाइ सुविधा

❑ *प्रत्यूष समाचारदाता*

कञ्चनपुर । कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिका-७ स्थित कञ्जभोजमा लिफ्ट सिँचाइबाट दुई सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुने भएपछि यहाँका किसान हर्षित भएका छन् ।

जोगबुढा नदीको पानी सौर्य लिफ्ट सिँचाइ मार्फत किसानको खेतमा पुगेपछि खेती गर्न सहज भएको स्थानीय देवीसरा सुनारले बताउनुभयो । "यहाँ सिँचाइको आवश्यकता थियो, यसले यहाँका किसानलाई धेरै लाभ हुन्छ", उहाँले भन्नुभयो, "अब तरकारी खेती गर्न पनि सहज हुन्छ ।" विगतमा यहाँका किसानले सिँचाइ समस्या झेल्दै आएको उहाँले बताउनुभयो । महाकाली नदीबाट सिँचाइ सुविधा पुर्याउन सम्भव नभएपछि महाकाली सिँचाइ तेस्रो चरण आयोजनाले यहाँ सौर्य लिफ्ट सिँचाइ मार्फत खेतमा पानी उपलब्ध गराएको हो ।

"यहाँ किसानको सङ्ख्या धेरै छ, सिँचाइ सुविधाले हामीलाई खेतीपाती गर्न सहज भएको छ", स्थानीय ललितसिंह ठकुरीले भन्नुभयो ।

महाकाली सिँचाइ तेस्रो चरण आयोजना कार्यालयले रु आठ करोड ९ लाखको लागतमा दोधारा-चाँदनीमा लिफ्ट सिँचाइ योजना निर्माण गरेको हो । उक्त लिफ्ट सिँचाइबाट दोधारा-चाँदनीको दुई सय हेक्टरमा सिँचाइ सुविधा उपलब्ध भएको महाकाली सिँचाइ तेस्रो चरण आयोजनाका प्रमुख गणेश मरासिनीले जानकारी दिनुभयो । उहाँका अनुसार दुई सय हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुने गरी सौर्य लिफ्ट सिँचाइका लागि २०७९ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो ।

छुपन्न दशमलव ८५ वर्गकिलोमिटर क्षेत्रफल रहेको दोधारा-चाँदनीमा तीन हजार ६ सय हेक्टरमा खेती हुँदै आएको छ । खेतीका लागि उपयुक्त माटो रहेको यस क्षेत्रमा सिँचाइ सुविधा नहुँदा यहाँका किसान समस्यामा पर्दै आएका छन् । यहाँ सिँचाइ सुविधा नहुँदा किसान पानी तान्ने मोटर प्रयोग गरेर प्रति घण्टा रु दुई सय तिरेर सिँचाइ गर्दै आएका थिए । महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाले महाकाली सिँचाइ मुल नहर निर्माण बाहेक लिफ्ट सिँचाइ र वोरिङबाट समेत किसानका लागि सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ ।

महाकाली सन्धि अनुसार भारतले नेपाललाई दोधारा-चाँदनीमा सिँचाइका लागि ३५० क्युसेक पानी नहरमार्फत उपलब्ध गराउनुपर्ने छ ।

यसका लागि भारतले शारदा नहरबाट नेपाल सीमासम्म एक हजार एक सय मिटर नहर निर्माण गर्नुपर्ने भए पनि हालसम्म भारतीय पक्षले नहर निर्माण गर्ने टुङ्गो लागेको छैन ।

विराटनगर किङ्ग्स पराजित

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल) २०२६ अन्तर्गत बिहीबार भएको खेलमा कर्णाली याक्सले विराटनगर किङ्ग्सलाई चार विकेटले पराजित गर्दै जित हासिल गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा विराटनगर ले जितका लागि दिएको १८७ रनको लक्ष्य पच्छाएको कर्णालीले १९ दशमलव पाँच ओभरमा छ विकेट गुमाएर लक्ष्य पुरा गर्यो ।

कर्णालीको जितमा कप्तान सोमपाल कामीले उत्कृष्ट ब्याटिङ गर्दै अविजित ६२ रनको योगदान दिए । उनले ३२ बलमा चार चौका र तीन छक्का प्रहार गरे । त्यस्तै पवन शर्राफले ३६,अरिफुल इस्लमकले ३२, गुल्सन झाले २८ तथा दिपक डुम्रेले २० रन बनाए । बलिङतर्फ विराटनगरका एन्जेलो म्याथ्युजले तीन विकेट लिए । त्यस्तै सन्दीप लामिछाने र प्रतिश जिसीले समान एक एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको कर्णाली विरुद्ध विराटनगरले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १८६ रनको योगफल बनाएको थियो । विराटनगरका लागि लोकश बमले सर्वाधिक ८७ रनको योगदान दिए । उनले ५२ बलमा तीन चौका र नौ छक्का प्रहार गर्दै ८७ रनको योगदान गरेका हुन् । आन्द्रे रसेलले १५ बलमा तीन चौका र दुई छक्का प्रहार गर्दै २७ रन जोडे भने एन्जेलो म्याथ्युजले २३ बलमा चार चौकाको सहायताले ३१ रन बनाए ।

पोखरामा कात्तिक १४ गतेदेखि राष्ट्रिय सेपाक ताक्रो च्याम्पियनसिप

कास्की, १२ कात्तिकः पोखरा रङ्गशालामा यही कात्तिक १४ गतेदेखि १७ गतेसम्म राष्ट्रिय सेपाक ताक्रो च्याम्पियनसिप हुने भएको छ । उक्त प्रतियोगितामा सात वटै प्रदेश र विभागीय टोली नेपाली सेनाको सहभागिता रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा राष्ट्रिय सेपाक ताक्रो सङ्घका केन्द्रीय अध्यक्ष नेत्रप्रसाद गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा पुरुषतर्फ टिम रेगु, रेगु, क्वाड, डबल र टिम इभेन्टका खेलहरू सञ्चालन हुनेछन् भने महिलातर्फ रेगु र क्वार्ड विधामा खेलाइनेछ । प्रतियोगिताको च्याम्पियन टोलीले रु ५० हजार, द्वितीय र तृतीय हुने टोलीले रु ४० हजार रु ३० हजारसहित ट्रफी र मेडल पुरस्कार पाउनेछन् । नेपालमा विसं २०५८ देखि यो खेल खेल्न सुरु गरिएको हो । प्रतियोगिताले आसन्न १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीलाई सहयोग पुग्ने र समक्ष खेलाडी उत्पादन हुने अध्यक्ष गुरुङले बताउनुभयो । "राष्ट्रिय खेलकुदको तयारीका लागि नै यो प्रतियोगिता गरेका हौं । यसबाट सहभागी टोलीले आफ्नो खेलाडीको प्रदर्शन मूल्याङ्कन गरी सुधार र खेल क्षमता विकासमा सहयोग पुग्ने विश्वास छ", उहाँले भन्नुभयो । प्रतियोगिताले पोखराको पर्यटन प्रवर्द्धन, प्रदेशमा राष्ट्रिय खेलाडी उत्पादन र राष्ट्रिय खेलाडीका बीचमा पारस्परिक सम्बन्ध कायम गर्न सहयोग पुग्ने अध्यक्ष गुरुङले बताउनुभयो ।

गण्डकी प्रदेश सेपाक ताक्रो सङ्घका अध्यक्ष श्यामबहादुर श्रेष्ठले नयाँ खेलका रूपमा विकसित भई विश्वभरी आकर्षक र माग बढ्दै गएको यो खेल गण्डकी प्रदेशमा पनि विकासको चरणमा रहेको बताउनुभयो । उहाँका अनुसार गण्डकीको नवलपरासीमा विशेषगरी यो खेल बढी खेल्ने गरिन्छ ।

पोखरामा सम्पन्न भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा यस खेलमा पुरुषतर्फ दुई इभेन्टमा कास्य पदक र महिलातर्फ दुई खेल इभेन्टमा कास्य र रजत पदक प्राप्त गर्न सफल भएको श्रेष्ठले जानकारी दिनुभयो । "पोखरामा राष्ट्रिय च्याम्पियनसिपको आयोजनाले युवा खेलाडीलाई खेल्ने अवसर मिल्नुका साथै स्थानीय, जिल्ला तथा प्रदेशस्तरीय खेलाडी तथा खेल प्रेमीलाई प्रतिस्पर्धात्मक खेलमा रुची बढाउने छ", उहाँले भन्नुभयो । नेपाल सेपाक ताक्रो सङ्घले बर्सेनि देशका विभिन्न स्थानमा राष्ट्रिय प्रतियोगिता आयोजना गर्दै आएको जनाएको छ । थोरै खेलाडी तथा सानो ठाउँमा खेलिने र बलमा हावा पनि नरहेको प्लास्टिक सिन्थेटिकबाट बनेको हुनाले उफ्रेर टाढा नजाने भएकाले नेपालजस्तो भूधरातलीय विकटता भएको स्थानमा प्रभावकारी हुने सङ्घले जनाएको छ ।

सम्पादकीय ....

लागुऔषध नियन्त्रणकालागि सरकारको ध्यान जाओस

लागुऔषध दुर्व्यसन आज नेपाली समाजको गम्भीर सामाजिक तथा स्वास्थ्य समस्याका रूपमा देखा परेको छ। विशेषगरी युवा पुस्तामा लागुऔषधको दुरुपयोग बढ्दै जानु चिन्ताको विषय बनेको छ। देशको भविष्य मानिने युवाहरू गलत सङ्गत, साथीभाइको दबाब, पारिवारिक समस्या, बेरोजगारी तथा जिज्ञासाका कारण लागुऔषधको कुलतमा फस्ने गरेका छन्। यस्तो अवस्थाले व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रलाई नै नकारात्मक असर पारिरहेको छ। त्यसैले लागुऔषध नियन्त्रण तथा रोकथामका लागि सरकारको गम्भीर ध्यान जान आवश्यक छ।

लागुऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ। यसको लतमा फसेका कतिपय व्यक्तिले आफ्नो पढाइ, रोजगारी र पारिवारिक जिम्मेवारीसमेत पूरा गर्न सक्दैनन्। आर्थिक अवस्था कमजोर हुँदै जाँदा परिवारमा झैझगडा बढ्ने, सामाजिक सम्बन्ध बिग्रने र विभिन्न आपराधिक गतिविधिमा संलग्न हुने जोखिम पनि बढ्न सक्छ। यसबाट युवाको अमूल्य जीवन मात्र होइन, परिवारको खुसी र समाजको शान्तिसमेत प्रभावित हुन्छ।

नेपालमा लागुऔषधको अवैध ओसारपसार तथा बिक्रीवितरण नियन्त्रण गर्नु सरकारको महत्वपूर्ण जिम्मेवारी हो। सीमाक्षेत्रबाट हुने अवैध कारोबार रोक्न सुरक्षा निकायलाई प्रभावकारी बनाउनुपर्छ। लागुऔषध उत्पादन, भण्डारण, बिक्रीवितरण र तस्करीमा संलग्न व्यक्तिमाथि कानुनअनुसार निष्पक्ष तथा कडा कारबाही गर्नुपर्छ। तर नियन्त्रणको नाममा दुर्व्यसनमा फसेका सबै व्यक्तिलाई अपराधीका रूपमा मात्र हेर्नु उचित हुँदैन। उनीहरूलाई उपचार, परामर्श र पुनःस्थापनाको अवसर पनि प्रदान गर्नुपर्छ।

सरकारले विद्यालय तथा क्याम्पसमा लागुऔषधविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। विद्यार्थीलाई लागुऔषधका असर, यसको सेवनबाट बच्ने उपाय र गलत सङ्गतबाट टाढा रहने विषयमा जानकारी दिनुपर्छ। स्थानीय तह, प्रहरी, स्वास्थ्य संस्था, विद्यालय र सामाजिक सङ्घसंस्थाबीच सहकार्य बढाउनुपर्छ। दुर्व्यसनमा फसेका व्यक्तिका लागि सहज, सुलभ र गुणस्तरीय उपचार तथा पुनःस्थापना सेवा उपलब्ध गराउनु पनि महत्वपूर्ण छ।

युवालाई लागुऔषधबाट टाढा राख्न रोजगारीका अवसर सिर्जना गर्नु, खेलकुद तथा सिर्जनात्मक गतिविधिमा सहभागी गराउनु र उनीहरूको मानसिक स्वास्थ्यप्रति ध्यान दिनु आवश्यक छ। अभिभावकले पनि आफ्ना छोराछोरीको व्यवहार, साथीभाइ र समस्याबारे चासो राख्नुपर्छ। दुर्व्यसनको सङ्केत देखिएमा गाली गर्ने वा अपमानित गर्नेभन्दा पनि समयमै परामर्श तथा उपचारको व्यवस्था गर्नुपर्छ।

लागुऔषध नियन्त्रण सरकारको मात्र जिम्मेवारी होइन। नागरिक, अभिभावक, शिक्षक, सञ्चारमाध्यम र सामाजिक सङ्घसंस्थाले पनि आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। लागुऔषधको अवैध कारोबारबारे जानकारी भएमा सम्बन्धित निकायलाई खबर गर्ने, पीडितलाई सहयोग गर्ने र समाजमा जनचेतना फैलाउने काम सबैले गर्न सक्छन्।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

अलकत्राको विकल्पमा अब सिमेन्टको कङ्क्रिट

हिमाल लम्साल

सरकारले बिटुमिनको विकल्पमा स्वदेशमै उत्पादन भएको सिमेन्टबाट कङ्क्रिटको सडक बनाउने कार्यविधि ल्याएसँगै अब निर्माण हुने सडकको गुणस्तर राम्रो हुने अपेक्षा गरिएको छ। वर्षौंदेखि नेपालका अधिकांश सडक परियोजना विदेशबाट आयातित बिटुमिन (अलकत्रा)को प्रयोग गरेर अस्फास्ट कालोपत्र हुँदै आइरहेकामा अब कङ्क्रिटको सडकको आयु धेरै हुने र यसले दुर्घटनालाई पनि न्यूनीकरण गर्न सहयोग पुग्नेछ।

सरकारले स्वदेशी सिमेन्ट उद्योगलाई प्रवर्द्धन र विदेशी मुद्राको सञ्चिति जोगाउनको लागि भन्दै स्वदेशी सिमेन्ट उद्योगबाटै उत्पादन भएको सिमेन्टको प्रयोग गरेर कङ्क्रिटको सडक तयार पार्ने योजना अघि सारेको छ। मन्त्रिपरिषद्को यही असोज ३० गतेको बैठकले 'सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रवर्द्धन र प्रयोगसम्बन्धी निर्देशिका, २०८३' स्वीकृत गरेसँगै सडक निर्माणमा आयातित बिटुमिन (अलकत्रा)को विकल्पमा स्वदेशी सिमेन्टबाट बन्ने कङ्क्रिट सडकलाई प्राथमिकता दिने नीतिगत आधार तयार पारेको छ। नीतिगत आधार तयार भएसँगै नेपालमा पनि सिमेन्ट प्रयोग गरेर कङ्क्रिटको सडक निर्माण गर्ने बाटो खुलेको छ।

कार्यविधिमा सडक निर्माण गर्दा आयातित बिटुमिनमा आधारित कालोपत्रेको विकल्पमा प्राविधिक रूपमा उपयुक्त भएमा स्वदेशी सिमेन्ट, स्थानीय सामग्रीको प्रयोग हुने सिमेन्ट कङ्क्रिट (पिसिसी) सडक, ढुङ्गाको पेभमेन्ट वा अन्य उपयुक्त निर्माण प्रविधि तथा भवन निर्माण गर्दा आयातित ग्रेनाइट, टायल वा अन्य फिनिसिङ सामग्रीको विकल्पमा स्वदेशी मार्बल, ढुङ्गा, स्लेट, टायललगायतका सामग्रीको प्रयोग गर्ने गरी डिजाइन गर्नुपर्नेछ।

एकातर्फ विदेशबाट बिटुमन आयात गर्दा नेपाली मुद्रा विदेसिने गर्थ्यो भने अर्कोतर्फ भने विदेशी मुलुकमाथिको परनिर्भरता पनि बढ्दै आइरहेको थियो। सरकारको निर्णय सकारात्मक रहेको बताउँदै नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंह भन्नुहुन्छ, "सरकारले ढिलै भए पनि राम्रो निर्णय गरेको छ। यो निर्णय मुलुकको अर्थतन्त्रसँग गाँसिएको छ। रोजगारी पनि सिर्जना हुने र हाम्रै मुलुकमा भएको उत्पादन भएको सिमेन्टको पनि उपयोग हुने कुरा हो। यसलाई सरकारले प्रोत्साहन पनि गर्नुपर्छ।"

उहाँका अनुसार सामान्य ठाउँमा सात मिटर चौडा भएको एक किलोमिटर बनाउनुभन्दा सिमेन्टको कङ्क्रिटको सुरुआती लागत एक दशमलव छ गुणा बढी भए पनि सिमेन्टको कङ्क्रिटको आयु बिटुमिनभन्दा तीनगुणा बढी हुनेछ।

राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजङ्ग थापा बिटुमिनको सट्टामा सिमेन्टको कङ्क्रिटको सडक बनाउने योजना निकै व्यावहारिक र समय सान्दर्भिक रहेको बताउनुहुन्छ। "सिमेन्टको कङ्क्रिटले पिच गर्दा पनि 'लो कस्ट' प्रविधि प्रयोग गरियो भने जस्तै 'रोलर कम्प्याक्टेड कङ्क्रिट', अलकत्राको कालोपत्र बनाउने पैसामा नै सिमेन्टको सडक बन्नसक्छ। त्यसमा फलामे छडहरु पनि राख्नुपर्दैन", उहाँले भन्नुभयो, "हामीलाई महँगो पर्ने भनेको सिमेन्टमा छड हालेर बनाउँदा हो। हामीले त्यो नयाँ प्रविधि प्रयोग गऱ्यौं भने छड नै चाहिँदैन। त्यसलाई 'रोलर कम्प्याक्टेड कङ्क्रिट पेभमेन्ट' भन्ने गरिन्छ। सामान्य आरसिसी पेभमेन्टमा पनि हामीले नचाहिने ठाउँमा छड हाल्नु पर्दैन। हामीलाई चाहिने भनेको सिमेन्टको बढी कम्प्रेसिभ स्ट्रेन्थ (शक्ति) हो।"

अम्बे सिमेन्टका बरिष्ठ बिक्री प्रबन्धक राजु तिमिल्सनाले सरकारले स्वदेशी सिमेन्ट उद्योग लाई प्रवर्द्धन गर्ने नीति ल्याउनु पक्कै पनि सह्रानीय भएको बताउनुभयो। "सरकारले स्वदेशी सिमेन्ट उद्योगलाई प्रवर्द्धन गर्ने गरी सडक पिच गर्ने योजना पक्कै पनि राम्रो छ," उहाँले भन्नुभयो, "यसलाई कार्यान्वयन गर्न सकेको खण्डमा स्वदेशी सिमेन्ट उद्योग धेरै लाभान्वित हुनेछन्।"

आयोगका सदस्य थापाले सिमेन्टको कङ्क्रिट ढलानको सडक निर्माण गर्दा फलामे छड नराखेर पनि बलियो खालको संरचना निर्माण गर्न सकिने बताउनुभयो। "हामी सिमेन्टको स्ट्रेन्थ चाहिँ कम राख्छौँ, अनि छड हालिदिन्छौँ। त्यसले गर्दा एक त टिकाउ पनि हुँदैन र अर्को लागत पनि बढाउँछ। सडकमा सधैँ ४० देखि ४५ मेगापास्कल बराबरको स्ट्रेन्थ आउने कङ्क्रिट राख्नुपर्छ", उहाँले भन्नुभयो, "हामीले बलियो खालको सिमेन्टको संरचना प्रयोग गर्दैनौं। बरु घरको छत ढलान गरेजस्तो सामान्य १५-२० मेगापास्कलको कङ्क्रिट प्रयोग गर्छौं। सामान्य घरको छत वा भूइँ ढलान गर्ने कङ्क्रिटले सडकमा हुँदैन। सडकका लागि एकदमै बलियो सिमेन्ट कङ्क्रिट बनाउनुपर्छ।"

आयोगका सदस्य थापाले नागढुङ्गा सुरुङमार्गभित्र पूरै कङ्क्रिटको संरचनाको सडक बनाएको खण्डमा धेरै प्रभावकारी हुने बताउनुभयो। "नागढुङ्गा सुरुङमार्गभित्र पूरै कङ्क्रिटको सडक छ, त्यो ४०-४५ मेगापास्कलकै हो। त्यस्तो उच्च शक्तिको कङ्क्रिट गर्यौं भने छडराख्नु नपर्दा लागत ह्वात्तै घट्छ", उहाँले भन्नुभयो। त्यसो गर्दा अलकत्राको पिच र सिमेन्टको पिचको लागत लगभग बराबर पर्न जाने उहाँको भनाइ छ। सिमेन्टको कङ्क्रिटको संरचना पनि कम्तिमा २५ वर्षसम्म टिक्नसक्ने उहाँ बताउनुहुन्छ।

आयोगका सदस्य थापाका अनुसार चिसो भइराख्ने ठाउँमा अलकत्रा पकाएर पिच गर्नुभन्दा सिमेन्टको कङ्क्रिटबाट सडक निर्माण गर्नु धेरै व्यावहारिक र दीर्घकालीन समयसम्म टिकाउ हुन्छ। हिमाली क्षेत्र र चिसो ठाउँमा पनि कलकत्राको सट्टामा सिमेन्टको पिच गर्दा धेरै प्रभावकारी हुने उहाँको तर्क छ।

अहिले बिटुमिनको मूल्य बढेकाले पनि अलकत्राबाट कालोपत्रे र सिमेन्टको कङ्क्रिटबाट सडक निर्माणमा हुने लागतमा सामान्य मात्र फरक रहेको रहेको छ। "सामान्यतया बिटुमिनबाट सडक कालोपत्रे गर्दा प्रतिवर्गमिटर रु दुई हजार ८०० देखि तीन हजार जतिमै तयार भएको थियो," आयोगका सदस्य थापाले भन्नुभयो, "प्रति वर्गमिटर तीन हजारदेखि चार हजार रुपैयाँमा सिमेन्ट कङ्क्रिट सडक पनि तयार पार्न सकिन्छ। फलामे छड नराख्ने हो भने त दुवैको लागत खर्च उस्ताउस्तै जस्तो नै हो।"

सिमेन्टको कङ्क्रिट सडकमा टायर खिइने समस्या उच्च

सिमेन्टको कङ्क्रिटको सडक निर्माणको सुरुआती लागत धेरै र टिकाउ पनि धेरै हुने गरेको छ। तर, सिमेन्टको कङ्क्रिटको सडकमा सवारीसाधन गुडाउँदा भने सवारीसाधनको टायर बढी खिइने सम्भावना पनि उत्तिकै रहेको छ। आयोगका सदस्य थापाले पनि कङ्क्रिटको सडकमा सवारीसाधन गुडाउँदा टायर खिइने समस्या भने बढी हुने बताउनुभयो। "सिमेन्टको कङ्क्रिटसडकमा पनि एक तहको कालोपत्रे थप गर्ने हो भने सवारीसाधनको टायर खिइने समस्याको पनि अन्त्य गर्न सकिन्छ," उहाँले भन्नुभयो, "विदेशमा पनि पहिला सिमेन्टको कङ्क्रिटको संरचना तयार पारेर माथिल्लो तहमा अलकत्राको कालोपत्रे गरेर व्यवस्थित गर्ने गरिन्छ।" केही वर्षअघिसम्म बिटुमिनको मूल्य प्रतिलिटर रु ६५-७० रहेको थियो तर अहिले बिटुमिनको मूल्य बढेर प्रतिलिटर १५०-१६० को हाराहारीमा पुगेको छ। अहिले स्वदेशमा उत्पादन भएको सिमेन्टको प्रतिबोरा मूल्य पनि रु ६००-७०० को हाराहारीमा पुगेको छ। गत आवमा मात्रै करिव रु ११ अर्ब मूल्य पर्ने बिटुमिन आयात भएको बताइन्छ। नेपालका सिमेन्ट उद्योगको औसतमा वार्षिक उत्पादन क्षमता दुईदेखि साढे दुई करोड टन क्षमता रहेको छ।

मस्तिष्कघातबाट ५० हजारभन्दा बढी प्रभावित

काठमाडौँ। मुलुकमा प्रत्येक वर्ष मस्तिष्कघातबाट ५० हजारभन्दा बढी मानिस प्रभावित हुने गरेका छन्। विश्व मस्तिष्कघात दिवसका सन्दर्भमा नेपाल पक्षघात सङ्घका निवर्तमान अध्यक्ष राजु पौडेलले राससँगको कुराकानीमा उक्त तथ्य प्रस्तुत गर्नुभएको हो।

'हरेक मिनेट महत्वपूर्ण हुन्छ' नाराका साथ बिहीबार नेपालमा पनि मस्तिष्कघातका दिवस मनाउन लागिएको छ। नेपालमा प्रत्येक १० मिनेटमा एक जनामा मस्तिष्कघात हुने गरेको उहाँले बताउनुभयो।

अध्यक्ष पौडेलले भन्नुभयो, "मस्तिष्कघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार नभएमा हुने गर्दछ, मस्तिष्कमा अक्सिजन तथा पोषक तत्वको कमी भएमा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ, त्यसैलाई मस्तिष्कघात भनिन्छ।" नेपालमा मस्तिष्क घातको वर्तमान अवस्था र उपचारका लागि गरिने उपायको खोजी गर्न सन् २०१७ मा नेपाल पक्षघात सङ्घ स्थापना गरी विभिन्न कार्यक्रम हुँदै आएको छ। डा पौडेल मस्तिष्कघातको उपचारका लागि अन्तरराष्ट्रिय मापदण्ड तय गरिँदै आएको बताउनुभयो। सङ्घले जर्मनीको हाइडल बर्गको युनिभर्सिटी हस्पिटलसँग पक्षघात सहकार्य गर्दै आएको छ। त्यसैगरी, जिआइजेड, विश्व स्वास्थ्य सङ्गठन लगायत संस्थासँगको सहकार्यमा मस्तिष्क घातसम्बन्धमा काम गर्दै आएको छ। डा पौडेल मस्तिष्कघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको भन्दै यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुहुन्छ। "विश्वमा हरेक चार जनामा एक जनालाई र तीन सेकेन्डमा एक जनालाई पक्षाघातको सम्भावना हुन्छ, यसबाट सजग हुनुपर्छ", उहाँ भन्नुहुन्छ। विश्वभर प्रत्येक वर्ष मस्तिष्कघातका कारण एक करोड २० लाख मानिस प्रभावित हुँदै आएका छन्।

विपत्को पूर्व तयारीमा जुटौं

- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफबाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

चितवनमा ४६ ग्रामभन्दा बढी खैरो हेरोइनसहित तीन जना पक्राउ

नारायणगढ । चितवनमा ४६ ग्रामभन्दा बढी खैरो हेरोइनजस्तो देखिने लागूऔषधसहित तीन जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय चनौलीबाट खटिएको संयुक्त प्रहरी टोलीले भरतपुर महानगरपालिका-१९ मा लागुऔषध बिक्रीवितरण भइरहेको भन्ने विशेष सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा लमजुङको दोर्दी गाउँपालिका-८ स्थायी घर भई हाल भरतपुर महानगरपालिका-१९ बस्ने ३१ वर्षीय सागर तामाङ, भरतपुर महानगरपालिका-२० बस्ने ३८ वर्षीय रोशन गुरुङ र भरतपुर महानगरपालिका-१९ बस्ने ४३ वर्षीय अमित लामा भन्ने ईश्वर लामा रहेका छन् ।

उनीहरूका साथबाट ४६ दशमलव ५५ ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ, रु ३९ हजार ५०० नगद र एक थान 'डिजिटल' तराजुलगायत सामग्री बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक चन्द्र भूषण यादवले जानकारी दिनुभयो ।

निजहरूविरुद्ध लागूऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

बजारको मागमा आधारित पाठ्यक्रम आवश्यक छ : मन्त्री पोखरेल

बागमती । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बजारको मागमा आधारित पाठ्यक्रम आवश्यक भएको बताउनुभएको छ ।

बागमती विश्वविद्यालय द्वारा हेटौंडामा आयोजित दिवसीय 'नेपालको उच्च शिक्षा प्रणाली सुदृढीकरण: प्रादेशिक विश्व विद्यालय व्यवस्थापन र समन्वय' विषयक दुई दिवसीय गोष्ठीको उद्घाटन गर्दै मन्त्री पोखरेलले विश्वविद्याल सञ्चालन गर्दा औचित्य पुष्टि गर्ने गरी खोल्नुपर्ने बताउनुभयो । विश्वविद्यालयहरू भूगोलको आवश्यकताअनुसार सञ्चालन गर्नुपर्नेमा जोड दिँदै मन्त्री पोखरेलले खोलिएका विश्व विद्यालयले भूगोलको आवश्यकता उक्त क्षेत्रले खोजेको रोजगारी जस्ता विषयलाई सम्बोधन गर्न सक्नुपर्ने बताउनुभयो । सङ्घीय र प्रादेशिक विश्वविद्यालयबिचको सम्बन्ध तथा विश्वविद्यालय अनुदान आयोगको भूमिकाबारे देखिएको अन्योलता हटाउनु आवश्यक भएको उल्लेख गर्दै उहाँले विश्वविद्यालय स्थापना पूर्वआयोगसँग परामर्श र समन्वय गरिएको भए वर्तमानमा देखिएका कतिपय समस्या उक्त समयमा नै समाधान हुन सक्ने बताउनुभयो ।

संविधानअनुसार प्रदेशमा एकभन्दा बढी विश्वविद्यालय स्थापना गर्न सकिने भए पनि आगामी दिनमा खुल्ने विश्व विद्यालयका विषयमा सुरुदेखि नै आयोगसँग समन्वय गर्नुपर्नेमा उहाँको जोड छ । शिक्षामा लगानी गर्ने कुरामा सरकार पछि नहट्ने बताउँदै मन्त्री पोखरेलले आवश्यकता र उपलब्ध स्रोतका आधारमा लगानी बढाइने धारणा राख्नुभयो ।

नतिजामुखी पाठ्यक्रम को निर्माण, प्रयोग र गुणस्तरको सुनिश्चितता सम्बन्धी व्यवस्था अब बन्ने ऐनमा स्पष्ट हुनु जरुरी रहेको उहाँको भनाइ थियो । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले विश्वविद्यालयबाट उत्पादित जनशक्ति रोजगार मात्र नभई समाजलाई योगदान गर्न सक्ने किसिमको हुनुपर्ने बताउनुभयो । हाम्रा शैक्षिक संस्थाहरू समाजको आवश्यकतासँग जोडिनुपर्ने बताउँदै उहाँले बजारको वर्तमानको मागसँगै भविष्यमा आवश्यक पर्ने जनशक्ति को अनुमान पनि गर्नुपर्ने बताउनु भयो । वर्तमान विश्व ज्ञान र नवप्रवर्तनमा आधारित भएको बताउँदै उहाँले समयको मागलाई आत्मसात् गर्नु आवश्यक हुने बताउनुभयो ।

प्रा डा चन्द्रमणि पौडेलले बागमती विश्वविद्यालयले समयसापेक्ष आवश्यकतालाई दृष्टिगत गरी पाठ्यक्रम तयार गरी अध्ययनअध्यापन गराइरहेको बताउनुभयो । नेपालको शिक्षा प्रणालीमा गुणस्तर निर्धारण, नियन्त्रण तथा प्रवर्द्धन गर्ने स्वायत्त निकायको निर्माण हुन नसकेको उहाँले बताउनुभयो ।

समयमै सूचना प्रवाह र पूर्वतयारीका कार्य सुनिश्चित गर्नु आवश्यक छः कार्यकारी प्रमुख डा उप्रेती

काठमाडौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले कुनै एक भागमा पहिचान गरिएको प्रकोपले अन्यत्र पनि जनधन र जीविकोपार्जनमा जोखिम उत्पन्न हुन सक्ने भएकाले समयमै सूचना प्रवाह र पूर्वतयारीका कार्य सुनिश्चित गर्नुपर्ने बताउनु भएको छ ।

थाइल्याण्डको बैंककमा आयोजित 'सगरमाथादेखि सागर सम्मः शृङ्खलाबद्ध विपद् जोखिमबाट एसिया तथा प्रशान्त क्षेत्रमा उत्थानशीलता सुदृढ गर्न नेपालको भोटेकोशी-त्रिशूली विपद्बाट प्राप्त शिक्षा' शीर्षकको क्षेत्रीय संवादको मुख्य सत्रमा आज प्रस्तुतीकरण गर्दै कार्यकारी प्रमुख डा उप्रेतीले सो कुरा बताउनुभएको हो ।

कार्यकारी प्रमुख डा उप्रेतीले यसका लागि तथ्याङ्को साझेदारी, संयुक्त जोखिम मूल्याङ्कन, अन्तरदेशीय पूर्वसूचना प्रणाली तथा समन्वित पूर्वतयारी आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "जोखिमले हिमालदेखि सागरसम्मलाई जोड्छ । त्यसैले, हाम्रो प्रतिकार्यले हाम्रो विज्ञान, हाम्रा संस्थाहरू र हाम्रा देशहरूलाई जोड्नुपर्छ ।"

'नेपालको विपद्बाट प्राप्त सिकाइ र हिमाली क्षेत्रमा विपद् जोखिम सुशासन तथा पूर्वतयारीका लागि यसको प्रभाव' शीर्षकको प्रस्तुतीमार्फत कार्यकारी प्रमुख डा उप्रेतीले हिमाली क्षेत्रमा हुने परिवर्तनका परिणामहरू त्यसका तत्कालीन स्रोत क्षेत्रभन्दा धेरै टाढासम्म फैलिने भएकाले हिमाली तथा तल्लो तटीय देशहरूबीचको सहकार्यलाई सुदृढ बनाउन जोड दिनुभयो । उहाँले नेपालमा अब हुने पुनर्निर्माणमार्फत् उत्थानशीलतालाई प्रवर्द्धन गर्न लागिएको जानकारी दिनुभयो ।

थाइल्याण्डको बैंककमा आयोजित एसिया तथा प्रशान्त क्षेत्रमा दिगो विकासका लागि अन्तरिक्ष अनुप्रयोग सम्बन्धी पाँचौं मन्त्रीस्तरीय सम्मेलनका क्रममा क्षेत्रीयसंवाद आयोजना भएको हो ।

यातायात सञ्चालनमा सतर्कता अपनाउन आग्रह

काठमाडौं । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले अर्नव चक्रवातबाट हुनसक्ने प्रभावलाई ध्यान दिएर यातायात सञ्चालनमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले बिहीबार एक सूचना जारी गरी बिहीबार रातिदेखि कात्तिक १४ गतेसम्म देशका विभिन्न प्रदेशमा खराब मौसमको सम्भावना रहेकाले यातायात सञ्चालनमा उच्च सतर्कता अपनाउन यातायात व्यवसायीलाई आग्रह गर्नुभएको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरणका काम तथा व्यवस्थापन प्राधिकरणबाट जारी सूचनालाई उद्धृत गर्दै महासङ्घले कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मौसमको बढी प्रभाव र कर्णाली र सुदूरपश्चिम प्रदेशमा हावाहुरी तथा मध्यम वर्षा र हिमाली क्षेत्रमा हिमपात हुन सक्ने पूर्वानुमान रहेकाले आवश्यक सावधानी अपनाउन आग्रह गरेको हो । महासचिव गौतमले सम्बन्धित जिल्लाका सुरक्षा निकाय तथा स्थानीय प्रशासनसँग समन्वय गरी लामो तथा छोटो दूरीका यात्रुवाहक र मालवाहक सवारी साधन सञ्चालन गर्न व्यवसायीलाई आग्रह गर्नुभयो ।

महासङ्घले अवस्था जोखिम पूर्ण भएमा आवश्यकता अनुसार सवारी आवागमन बन्द गर्न तथा बन्द गर्नुअघि सर्वसाधारणलाई अग्रिम जानकारी गराउन पनि आग्रह गरेको छ । महासङ्घले खराब मौसमका कारण सडक तथा हवाई यातायातसहित दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्न सर्वसाधारणलाई अनुरोध गरेको छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा भ्रमणमा जाने पर्यटकलाई यात्रा नगर्न र गइसकेका पर्यटकलाई मौसम सामान्य नहुँदासम्म सुरक्षित स्थानमा बस्न आग्रह गरेको छ ।

त्यस्तै सो अवसरमा नै जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति तथा परिवारलाई सम्भावित विपद् आउनुअघि सुरक्षित स्थानमा स्थानान्तरण गर्न, विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा रहन र मौसमसम्बन्धी आधिकारिक सूचना को नियमित जानकारी लिन सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

महासङ्घले मौसमसम्बन्धी जानकारीका लागि मौसम विज्ञान विभागको हटलाइन ११५५ तथा विपद्का बेला सहयोग माग्न १२३४, १०० वा १११४ मा सम्पर्क गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

दाङमा तिहारका लागि फूल तयार

घोराही । तिहार नजिकिएसँगै दाङमा सयपत्रि फूल ढकमक्क फुलेका छन् । व्यावसायिक रूपमा फूलखेती गर्दै आएका यहाँका किसानले अहिले फूला तथा माला बिक्रीको तयारी थालेका हुन् । फूल बिक्रीका लागि तयार भएसँगै केही दिनमा माला उन्ने तयारीमा यहाँका किसान छन् ।

घोराही उपमहानगर पालिका-१४ झिङ्गौराका ४२ वर्षीय लोकेन्द्र रोकामगरले खेतमा सयपत्री फूल बिक्रीका लागि तयार भएका बताउनुभयो । उहाँले १३ वर्षदेखि फूलखेती गर्दै आउनुभएको छ । यस वर्ष पनि दुई बिघा जग्गा भाडामा लिएर फूलखेती गरेको उहाँले बताउनुभयो । घोराही-५ धर्नामा एक बिघा, घोराही-१६ तेरौँटैमा दुई कट्ठा र घर नजिक झिङ्गौरामा १८ कट्ठा जग्गामा व्यावसायिक रूपमा सयपत्रि फूलखेती गरिरहेको उहाँले जानकारी दिनुभयो ।

चाडपर्वमा मात्रै नभई मगरको बारीमा अघिपछि पनि फूल फुलिरहेका हुन्छन् । व्यावसायिक रूपमा फूलखेती गर्नुभएका उहाँले यसबाट आफू सन्तुष्ट रहेको बताउनुभयो । "आम्दानी पनि जीविकोपार्जनका लागि पुग्ने छ । फूलखेती गर्नुभन्दा अघि वैदेशिक रोजगारमा थिएँ । विदेशमा जानुभन्दा स्वदेशमै केही गर्नु प्रभावकारी विकल्प हो," उहाँले भन्नुभयो । लामो समयदेखि विदेशमा रोजगार गरेर फर्केपछि फूलखेती गर्न थालेको मगरले बताउनुभयो । "बाहिरि देशमा कमाएको भन्दा स्वदेशमा फूलखेतीबाटै प्रशस्त आम्दानी भइरहेको छ । अब विदेश नजाने, बरु यही व्यवसायलाई अझ बढाउँदै लैजाने सोच छ," उहाँले भन्नुभयो । फूलखेतीबाट वार्षिक रु २० देखि रु २५ लाखको कारोबार हुने जनाउँदै कारोबारको करिब आधा रकम बचत हुने गरेको उहाँले बताउनुभयो ।

रोजगारीको सिलसिलामा सात वर्ष कतारमा बिताउनुभएका रोकामगरले जिल्लामा दसैं, तिहारलगायत पर्व तथा अन्य शुभकार्यका लागि माग देखेपछि फूलखेती गर्न थाल्नुभएको हो । तिहारका लागि फूल तयार भइसकेको र पानी परेपछि बिग्रने डरले केही फूल टिपेर चिस्यान केन्द्र 'कोल्डस्टोर' मा राख्ने गरिएको उहाँले बताउनुभयो । जलजला पुष्पखेती तथा नर्सरी फार्म दर्ता गरेर व्यावसायिक फूलखेती गर्दै आउनुभएका रोकामगरले फूल खेतीसँगै विभिन्न जातका फूलका बोटबिरुवा उत्पादन गर्दै आउनु भएको छ । कैलालीका दशरथ साउद र कपिलवस्तुका भास्कर पङ्गेनीले पनि दाङको घोराही उपमहानगर पालिका-१७ गैरागाउँमा व्यावसायिक रूपमा गर्नुभएको खेतीमा ढकमक्क पनि फूल फुलेका छन् । उहाँहरूले यस वर्ष एक बिघा जग्गामा व्यावसायिक रूपमा फूलखेती गर्नुभएको छ । रोल्पाको माडी गाउँपालिका-१ जबाङ दुदिलाबोट स्थायी घर भएका २८ वर्षीय वीरेन्द्र खड्काले घोराही-७ घुसामा १० कट्ठा जग्गामा व्यावसायिक रूपमा फूलखेती गर्नुभएको छ ।

उहाँले तिहारलाई लक्षित गरी फूलखेती गर्नुभएको हो । उहाँले छ वर्षदेखि फूलखेती गर्दै आउनुभएको छ । उहाँले कृषि विज्ञानमा प्रमाणपत्र तह (आइएस्सिएजी) अध्ययन गर्नुभएको छ । घोराही-१३ डुम्मर गाउँका इन्द्रा बुढाले करिब सात कट्ठा जग्गामा व्यावसायिक फूलखेती गर्नुभएको छ । विगत नौ वर्षदेखि उहाँले व्यावसायिक रूपमा फूलखेती गर्दै आउनुभएको हो । "अहिले तिहारका लागि फूल तयार भइसकेका छन् । माग आउन थालेसँगै बनाउन सुरु गर्छौं," उहाँले भन्नुभयो । माला बनाएर कोल्डस्टोरमा राख्ने उहाँले बताउनुभयो ।

जिल्लामा व्यावसायिक रूपमा फूलखेती थालिएपछि बाहिरबाट आउने कृत्रिम मालालाई पनि विस्थापित गर्न थालेको जानकारहरू बताउँछन् । उहाँले फूलखेतीबाट वार्षिक रूपमा रु पाँच देखि रु सात लाखसम्म बचत गरिरहेको जानकारी दिनुभयो । दाङका अन्य पालिकामा पनि यति बेला तिहारका लागि फूल तयार भइसकेका छन् ।

मलाई जोडेर लेखिएको समाचार भ्रामक हो : प्रधानन्यायाधीश शर्मा

काठमाडौं । प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले विभिन्न सञ्चारमाध्यममा आफूसँग जोडिएर आएका समाचारहरुबाट आफू आश्चर्यमा परेको बताउनुभएको छ । प्रधानन्यायाधीश डा शर्माले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै आफूसँग जोडिएर आएको समाचार झुठा, कपोलकल्पित र जनतामा भ्रम छर्ने दूषित उद्देश्यले प्रचार गरिएको उल्लेख गर्नुभएको छ । "यसरी आधारहीन, झुठा, कपोलकल्पित र जनतामा भ्रम छर्ने दूषित उद्देश्य बाट प्रसारित समाचारको म भर्त्सना गर्दछु," विज्ञप्तिमा छ, "यस्तो आधारहीन र कपोल कल्पित समाचारको भ्रममा नपर्न सम्पूर्ण जनमानसमा अनुरोध समेत गर्दछु ।" सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालले केही सञ्चार माध्यममा आफूसँग जोडेर गलत मनसायले जनमानसमा भ्रम छर्ने ढङ्गले समाचार आएको भनी खण्डन गर्नुभएको छ ।

सार्वजनिक सूचना

विगतको कारोबारको बक्यौता रकम दावी गर्ने सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८३।०७।१३

धादिङ जिल्लाको धुनिबेशी नगरपालिका वडा न ७ नौविसेमा अवस्थित श्री नृवेश्वर ईट्टा उद्योग खरिद बिक्री प्रक्रिया अगाडी बढाईने हुँदा यस उद्योगसँग विगतमा भएका कारोबारका क्रममा कुनै व्यक्ति, फर्म, संस्था वा अन्य सरोकारवालाको रकम लिन बाँकी रहेको भए यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो बक्यौता रकम दाबी गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ ।

बक्यौता रकम दावी गर्ने व्यक्ति वा संस्थाले आफ्नो दावी पुष्टि हुने आवश्यक बिल, भर्पाइ, सम्झौतापत्रलगायतका प्रमाण कागजातसहित तोकिएको अवधिभित्र नृवेश्वर ईट्टा उद्योगको कार्यालयमा सम्पर्क गरी दावी पेस गर्न तथा हिसाब मिलान गर्न अनुरोध गरिन्छ ।

विशेष जानकारी : तोकिएको समयावधिभित्र आफ्नो दावी पेस गरी हिसाब मिलान नगरेमा प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क स्थान :

१. नृवेश्वर ईंटा उद्योग, धुनिवेशी नगरपालिका-७, धादिङ । मो.न. ९८४०८९५०५२

२. धुनिवेशी नगरपालिका, वडा नं. ७ को वडा कार्यालय, खानीखोला, धादिङ ।

३. ईंटा उद्योग व्यवसायी संघ, धादिङ । मो.न. ९८४१८४४५५०

सरकारी सेवा प्रवाहमा ढिलासुस्ती गर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ

भद्रपुर । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिव पुष्कर सापकोटाले सरकारी सेवा प्रवाहमा देखिने ढिलासुस्ती गर्ने प्रवृत्ति अन्त्य गरी नागरिकलाई सहज, सरल र गुनासोरहित सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ ।

जिल्ला प्रशासन कार्यालय मा बिहीबार आयोजि जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरूसँग भएको छलफलमा सचिव सापकोटा ले सरकारले अङ्गीकार गरेको सदाचार नीति कार्यान्वयन गर्दै सुशासन कायम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने बताउनु भएको हो ।

सो अवसरमा सचिव सापकोटाले भन्नुभयो, "सरकारी सेवा प्रवाहमा ढिलासुस्ती गर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । काम गर्ने पुरानो मानसिकता परिवर्तन गरी नागरिक लाई समयमै सेवा उपलब्ध गराउन सबै निकाय जिम्मेवार हुनुपर्छ ।" सरकारको गतिअनुसार कर्मचारी तन्त्रले कामको गति बढाउनुपर्ने उहाँको भनाइ थियो । सो क्रममा सचिव सापकोटा ले सरकारी कामकाज लाई परिणाम मुखी बनाउँदै जिम्मेवारी अनुसार काम गर्न र सुशासन तथा सेवा प्रवाहमा सुधार ल्याउन कार्यालय प्रमुखहरूलाई आग्रह गर्नुभयो ।

उहाँले खुला सीमाबाट हुने अवैध गतिविधि नियन्त्रण, लागूऔषध दुर्व्यसन न्यूनीकरण र 'हेलो सरकार'मा प्राप्त हुने गुनासा तथा उजुरी सम्बोधन गर्न सूक्ष्म रूपमा ध्यान दिन सम्बन्धित निकायलाई आग्रह गर्नुभयो । नागरिकका गुनासा र समस्यालाई गम्भीरता पूर्वक लिँदै समयमै समाधान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

छलफलमा झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जिल्लामा भइरहेका विकास निर्माणका काम, सार्वजनिक सेवा प्रवाह, भूमिसम्बन्धी समस्या समाधानको प्रगति तथा जिल्लाको समग्र प्रशासनिक अवस्थाबारे जानकारी गराउनुभएको थियो । कार्यक्रममा जिल्लास्थित विभिन्न सरकारी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

जाडो सुरु भएसँगै डेङ्गी सङ्क्रमण घट्यो

गण्डकी । वर्षायाम सकिएर जाडो सुरु हुन थालेसँगै गण्डकी प्रदेशमा डेङ्गीको सङ्क्रमण दर घटेको छ । यस वर्ष सबैभन्दा बढी गत अगष्टमा एक हजार २७४ मा डेङ्गी सङ्क्रमण पुष्टि भएकामा अक्टुबर लागेयता ४२५ जनामा सङ्क्रमण देखिएको प्रादेशिक रोग नियन्त्रण केन्द्रले जनाएको छ ।

केन्द्रका महानिर्देशक मनमोहन मिश्रका अनुसार गत जुलाईदेखि डेङ्गी सङ्क्रमणको दर बढ्न सुरु गरेको थियो । सेप्टेम्बरमा एक हजार १९१ जनामा यो रोग देखिएको थियो । यस वर्ष हिमालपारिको मनाङबाहेक सबै जिल्लामा डेङ्गीको सङ्क्रमण फैलिएको महानिर्देशक मिश्रले बताउनुभयो । सबैभन्दा बढी बागलुङ जिल्ला प्रभावित भएको उहाँको भनाइ छ ।

गत जनवरीयताका ४३ हप्तामा गण्डकी प्रदेशभित्र तीन हजार ५७६ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको केन्द्रको आँकडाले देखाएको छ । "एकै हप्तामा २७४ जनासम्ममा सङ्क्रमण देखिएको थियो । पछिल्लो ४३औँ हप्तामा जम्मा ६९ जनामा यो रोगको सङ्क्रमण पुष्टि भएको छ", महानिर्देशक मिश्रले भन्नुभयो, "जाडो याममा भने यो रोग न्यून रूपमा मात्र देखा पर्छ ।" गत जनवरीमा ३५, फेब्रुअरीमा ३७ र मार्चमा जम्मा २६ जनामा डेङ्गी देखिएको थियो ।

पछिल्लो हप्ता अक्टुबर १९ देखि २५ सम्मको आँकडा अनुसार पर्वतमा २०, गोरखा र कास्कीमा १३/१३, म्याग्दीमा छ, बागलुङमा पाँच, लमजुङमा चार, स्याङ्जा र तनहुँमा तीन/तीन, मुस्ताङ र नवलपुरमा एक/एक जनामा उक्त रोगको सङ्क्रमण पुष्टि भएको महानिर्देशक मिश्रले जानकारी दिनुभयो । "सङ्क्रमण दर घट्दै गएको छ, कात्तिक अन्तिमसम्म डेङ्गी सङ्क्रमणको जोखिम कायमै हुने भएकाले सावधानी भने अपनाउनु पर्छ", उहाँले भन्नुभयो । सङ्क्रमण बढेपछि यहाँका विभिन्न स्थानीय तहमा डेङ्गी सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गरिएको थियो । समयमा नियन्त्रण र रोकथाम गर्न नसके डेङ्गीले प्रकोपको रुप लिन सक्ने भएकाले डेङ्गीलाई सामान्य रुपमा लिन नहुने चिकित्सक बताउँछन् । डेङ्गी नियन्त्रण तथा रोकथामका लागि हरेक व्यक्ति र परिवार जिम्मेवार हुनुपर्ने चिकित्सक को भनाइ छ । डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने महानिर्देशक मिश्रले बताउनुभयो । डेङ्गीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने उहाँको भनाइ छ । डेङ्गी सार्ने लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र दिनमा मात्र टोक्ने भएकाले सर्तकता अपनाउनुपर्ने उहाँले बताउनुभयो ।

दमौलीमा इलेभेन ए साइड फुटबल प्रतियोगिता हुँदै

दमौली । पन्ध्र वर्षपछि तनहुँको व्यास नगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा दमौलीमा इलेभेन ए साइड फुटबल प्रतियोगिता हुने भएको छ । शुक्रबारदेखि व्यास नगरपालिका-३ स्थित बिपी वनवाटिकामा वडास्तरीय फुटबल प्रतियोगिता सञ्चालन हुने भएको हो । प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको बिहबार पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको छ । प्रतियोगितामा नगरपालिकाका १४ वडाको सहभागिता रहनेछ । प्रतियोगितामा सम्बन्धित वडाभित्रकै खेलाडीले सहभागिता जनाउनुपर्ने व्यवस्था गरिएको छ । प्रतियोगिता मार्फत स्थानीय खेलाडीको प्रतिभा पहिचान, खेलकुदको विकास तथा वडास्तरमा खेलप्रतिको आकर्षण बढाउने लक्ष्य राखिएको छ ।

प्रतियोगितामा प्रथम हुने टोलीले रु एक लाख, द्वितीय हुने टोलीले रु ७५ हजार र तृतीय हुने टोलीले रु ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई पनि पुरस्कृत गरिनेछ । व्यास नगर पालिका-३ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरुङले व्यवस्थित खेल मैदानको अभावका कारण इलेभेन ए साइड फुटबल प्रतियोगिता हुन नसकिरहेको सन्दर्भमा बिपी वनवाटिका स्थित खेलमैदान व्यवस्थित हुने चरणमा रहेको जनाउँदै १५ वर्षपछि इलेभेन ए साइड प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगर पालिकाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न विधाका खेलकुद कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । खेलकुदको विकासका लागि वडास्तरमा समेत पूर्वाधार निर्माणका काम भइरहेको उहाँको भनाइ छ । सङ्घीय सरकारको सहयोगमा खेलमैदान स्तरोन्नतिको कामसमेत अघि बढाइएको प्रमुख न्यौपानेले जानकारी दिनुभयो ।

कांग्रेसका साथै देशलाई बलियो बनाउनु छ : शर्मा

ललितपुर । नेपाली कांग्रेसका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले कांग्रेसका साथै देशलाई बलियो बनाउनुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा बिहीबार आयोजित पार्टीको १५औँ महाधिवेशनबाट निर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्यहरुको शपथ ग्रहण तथा प्रमाणपत्र वितरणपश्चात् मन्तव्य राख्नुहुँदै वरिष्ठ उपसभापति शर्माले पार्टीलाई एकताबद्ध बनाउँदै अगाडि बढ्नु पर्नेमा जोड दिनुभएको हो । "नेपाली कांग्रेसको जिम्मेवारी युवा पुस्तामा आएको छ, बलियो कांग्रेस बनाएर समृद्ध नेपालको अभियानमा लाग्नुपर्छ, दौडिएर पसिना बगाउनु मात्रैलाई काम भन्न सकिँदैन, काम हुनका लागि परिवर्तन र उपलब्धि आवश्यक छ, हामी मिडियामैत्री र सामाजिक सञ्जालमैत्री पनि बन्न जरुरी छ, कांग्रेस देशलाई पहिलो केन्द्रविन्दुमा राखेर अगाडि बढ्ने पार्टी हो," उहाँले भन्नुभयो ।

वरिष्ठ उपसभापति शर्माले पार्टीको संस्थागत कार्यशैली र सामाजिक रूपान्तरणलाई प्राथमिकता दिएर अवको समयलाई विसङ्गतिलाई अन्त्य गर्ने सामाजिक रुपान्तरणको दशकका रुपमा लिएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले नवनिर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई सम्बोधन गर्दै शपथ ग्रहणका क्रममा पद र प्रमाणपत्र प्राप्त गर्नुलाई मात्र जिम्मेवारी नठानी पार्टीको गौरवशाली इतिहासअनुसार वर्तमानलाई जिम्मेवार तथा भविष्यलाई सुन्दर बनाउने सङ्कल्प गर्न आग्रह गर्नुभयो । वरिष्ठ उपसभापति शर्माले महाधिवेशनमा विजयी भएका नेताहरूले आफूलाई मत दिने प्रतिनिधिको विश्वासको सम्मान गर्नुपर्ने र पराजित उम्मेदवार तथा निर्वाचनमा सहभागी हुन नपाएका पार्टीका अन्य नेता-कार्यकर्तालाई पनि समेटेर अघि बढ्नुपर्ने धारणा राख्नुभयो । "निर्वाचनमा भएका तीतामीठा अनुभव बिर्सेर कांग्रेसलाई एकताबद्ध र सशक्त बनाउनु नयाँ नेतृत्वको साझा दायित्व हो, जलवायु परिवर्तनको असरविरुद्ध क्रियाशील हुन सरकारको साथमा रहेर काम गर्नुपर्ने छ," उहाँले भन्नुभयो । वरिष्ठ उपसभापति शर्माले पार्टीको कामलाई प्रभावकारी बनाउन व्यक्तिगत रूपमा धेरै दौडधुप गर्नुभन्दा संस्थागत योजना र समन्वयअनुसार अघि बढ्नुपर्नेमा जोड दिनुभयो । केन्द्रले तय गरेका योजना र निर्देशनलाई आत्मसात् गर्दै सङ्गठनका कमजोरी सुधार गर्ने तथा आगामी चुनौतीको सामना गर्ने गरी काम गर्नुपर्ने भन्दै उहाँले देश र नागरिकको हितलाई पार्टीगत स्वार्थभन्दा माथि राख्नुपर्ने बताउनुभयो ।

जलवायु परिवर्तनका कारण उत्पन्न विपद् तथा नागरिकले भोगिरहेका सङ्कटप्रति सरकार र जन प्रतिनिधि गम्भीर हुनुपर्ने बताउँदै उहाँले विपद्बाट प्रभावित परिवारको पीडा स्मरण गर्दै जोखिम न्यूनीकरण, नागरिकको जीवनरक्षा तथा जनजीविकामा सुधार ल्याउन विशेष ध्यान दिन आग्रह गर्नुभयो ।

कांग्रेसप्रतिको समर्पणलाई देश र जनताको सेवासँग जोड्नुपर्ने उल्लेख गर्दै वरिष्ठ उपसभापति शर्माले पार्टीको जिम्मेवारी सम्हाल्ने सबैले इमानदारीपूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने बताउनुभयो ।

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँधभन्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८३-०७-१३)

यस कार्यालयको मिति २०८३-०६-०७ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्य गर्नका लागि ठेक्का आह्वान गरिएकोमा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये औसत मुल्यांकित बोलपत्र मूल्यसँग सबैभन्दा नजिकको सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र दफा ४७ का प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र. स.	ठेक्का नं.	कामको विवरण	छनौट भएका बोलपत्रदाता	कबोल अंक (मु.अ.कर बाहेक)
१.	JWALA/DHD/08/2083/084	Jwalamukhi Gaupalika ka Sabai Madhyamik Bidhyalaya, Swasthya Chauki Ra Mukhya Chowkharuma CC TV Jadaan Dhading	Shree Ganesh Suppliers, Bharatpur - 12, Chitwan	Nrs 40,22,762.31/-

प्रमुख प्रशासकीय अधिकृत

चितवनमा ४६ ग्रामभन्दा बढी खैरो हेरोइनसहित तीन जना पक्राउ

चितवन । चितवनमा ४६ ग्रामभन्दा बढी खैरो हेरोइनजस्तो देखिने लागूऔषधसहित तीन जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय चनौलीबाट खटिएको संयुक्त प्रहरी टोलीले भरतपुर महानगरपालिका-१९ मा लागुऔषध बिक्रीवितरण भइरहेको भन्ने विशेष सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार पक्राउ पर्नेमा लमजुङको दोर्दी गाउँपालिका-८ स्थायी घर भई हाल भरतपुर महानगरपालिका-१९ बस्ने ३१ वर्षीय सागर तामाङ, भरतपुर महानगर पालिका-२० बस्ने ३८ वर्षीय रोशन गुरुङ र भरतपुर महानगरपालिका-१९ बस्ने ४३ वर्षीय अमित लामा भन्ने ईश्वर लामा रहेका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com